नगर कार्यपालिकाको
बैठक संख्या ९/२०७९-०८४
मिति २०७९।५।२९ को
निर्णय प्रमाणित

बैठक संख्याः ९/२०७९-०८४

मिति २०७९ साल भाद्र २९ गतेका दिन बसेको कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको बैठकबाट देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

निर्णय नं. १

(क) राष्ट्रिय भूमी आयोगको भुमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा वितरण प्रयोजनार्थ यस कोहलपुर नगरपालिकाभित्रका तपसिल बमोजिमका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र १० वर्षदेखि अव्यवस्थित बसोबास गर्दै आएका मध्ये नापी सम्पन्न गरिसकेको अव्यवस्थित बसोबासीहरुको नामावली सहित नक्सा नं., कित्ता नं. र जग्गाको क्षेत्रफल समेत समावेश गरी सो भूमिहिन दलित, भूमिहिन सुकुम्बासी, अव्यवस्थित बसोबासी परिवारलाई देहाय बमोजिमको जग्गा (ऐनको दफा ५२ ख(४) र नियम ४१ ख (४) बमोजिम बाहेकको जग्गा) देहायको प्रयोजनार्थ उपलब्ध गर्ने राष्ट्रिय भूमि आयोग गठन आदेशको दफा ६ को खण्ड (ग), (ज) भूमि सम्बन्धी नियम २०२१ को नियम २१(ख)(१) ४१घ(३) बमोजिम राष्ट्रिय भूमि आयोगमा लालपुर्जा वितरणका लागि सिफारिस गर्ने । भूमिहिन दलित र भूमिहिन सुकुम्बासीहरुको मालपोत कार्यालयबाट भेरिफिकेसन भै आएको वडा नं. १ मा २ जनाको, वडा नं. २ को १५ जनाको, वडा नं. १० को ५ जनाको र वडा नं. १२ को ३ जनाको अन्यत्र जग्गा देखिएको/बिक्री गरिएको विवरण उल्लेख गरी राष्ट्रिय भूमि आयोग जिल्ला समिति बाँकेमा पठाउने।

तपसिलः

| सि.नं. | वडा नं. | भुमिहिन दलित, भूमिहिन सुकुम्बासी | अव्यवस्थित बसोबासी |
|---|---|---|---|
| १ | १ | ३०९ जना | - |
| २ | २ | १४६ | २९६० |
| ३ | १० | २५ | - |
| ४ | १२ | १२५ | - |
| ५ | १५ | - | ६१ |

(ख) कोहलपुर नगरपालिका वडा नं. २ को बिगत १० वर्ष देखि अव्यवस्थित बसोबासीहरुको विगत आयोगबाट जोतभोगको आधारमा कित्ताकाट भई पुष्पनगरको ५७ जनाको नक्सा प्रमाणित भईसकेको सहित १८०४ जनाको अव्यवस्थित बसोबासीहरुको नामावली सहित नक्सा नं., कित्ता नं. र जग्गाको क्षेत्रफल समेत समावेश गरी सो अव्यवस्थित बसोबासी परिवारलाई जग्गाको लालपुर्जा वितरणका लागि सिफारिस गर्ने ।

(ग) कोहलपुर नगरपालिका वडा नं. १५ को बिगत ४२ वर्ष देखि अव्यवस्थित बसोबास गर्दै आएकाहरुको विगत आयोगबाट जोतभोगको आधारमा २०४६ सालमा कित्ताकाट भई सो को नक्सा प्रमाणित र ६१ जनाको अव्यवस्थित बसोबासीहरुको प्राप्त जग्गाधनी प्रमाण पुर्जाको श्रेस्ता कायम गरिदिनका लागि सिफारिस गर्ने ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत